का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ फागुन २०८१,
शुक्रबार
28 February, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



## साधारण चोरको बिगबिगी



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १५ फागुन ।

प्रहरीका अनुसार चोरीलाई ६ प्रकृतिमा बाँडेर हेर्ने गरिन्छ । चोरीको प्रकृतिअनुसार अनुसन्धान, दण्ड र सजाय हुन्छ । चोरीको प्रकृतिअनुसार नियन्त्रणका नीति अवलम्बन गर्ने गरिन्छ ।

महान्यायाधिवक्ताको कार्यालयका अनुसार नेपालमा ठूला र योजनाबद्ध चोरीभन्दा धेरै गुणा बढी साधारण चोरी हुने गर्छ । चोरीको आरोपमा कारबाहीका पर्नेहरूको संख्यामध्ये साधारण चोरीअन्तर्गतको संख्या ८२ प्रतिशत बढी छ ।

गत १ आर्थिक वर्षमा चोरीको आरोपमा पक्राउ परेर र मुद्दा चलेर कारबाहीमा पर्नेको संख्या ३ हजार ७५८ छ ।


कुल चोरी गरेर कारबाहीमा पर्नेहरूमध्ये साधारण चोरीमा पर्नेको संख्या ३ हजार ८८ छ । यो कुल चोरीको ८२ दशमलव १७ प्रतिशत हो ।

दोस्रोमा डाका चोरीअन्तर्गतको संख्या छ । गत १ आर्थिक वर्षमा डाका चोरीअन्तर्गत २५५ जना कारबाहीमा परे । यो चोरीअन्तर्गत कारबाहीमा पर्नेहरूमध्येको ६ दशमलव ७८ प्रतिशत हो । तेस्रोमा सवारी चोरी गर्नेको संख्या छ । यसमा २५३ छन् । यो ६ दशमलव ७३ प्रतिशत हो ।

नकबजनी चोरी अर्थात् नकाब लगाएर चोरीको आरोपमा १३३ जना कारबाहीमा परेका छन् । यो ३ दशमलव >>> पृष्ठ २ मा

**नेपालमा ठूला र योजनाबद्ध चोरीभन्दा धेरै गुणा बढी साधारण चोरी हुने गर्छ । चोरीको आरोपमा कारबाहीमा पर्नेहरूको संख्यामध्ये साधारण चोरीअन्तर्गतको संख्या ८२ प्रतिशत बढी छ**

| | |
|---|---|
| डाका चोरी | : २५५ |
| नकाबजनी चोरी | : १३३ |
| जबरजस्ती चोरी | : ३ |
| साधारण चोरी | : ३,०८८ |
| सवारी चोरी | : २५३ |
| चौपाया चोरी | : २६ |
| जम्मा | : ३,७५८ |




## ऋणको चंगुलमा दलहरू




जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १५ फागुन ।

आम्दानीभन्दा अधिक खर्च गर्ने प्रवृतिले नेपालका राजनीतिक दलहरू ऋणको चंगुलमा डुबेका छन् । नियमित उठाउने सदस्यता शुल्क, लेबी र विभिन्न चन्दा सहयोगका नाममा चलेका राजनीतिक दलहरूको खर्च आम्दानीभन्दा दोब्बर हुँदा ऋणको भारी बोक्न बाध्य भएका हुन् ।

निर्वाचन आयोगमा राजनीतिक दलहरूले बुझाएको आर्थिक वर्ष २०८०/०८१ को आय-व्यय विवरणअनुसार सत्ताको नेतृत्वकर्ता दल नेकपा एमाले सबैभन्दा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोरियामा शारीरिक तथा मानसिक तनाव झेल्नुपरेको गुनासो

मध्यान्ह संवाददाता
काठमाडौं, १५ फागुन ।

दक्षिण कोरियाको एक बंगुर फार्ममा कार्यरत नेपाली कामदार मृत अवस्थामा फेला परेपछि कामदारको मानसिक स्वास्थ्य र कार्यस्थलको वातावरणबारेको बहस पुनः सतहमा आएको छ ।

दक्षिण कोरियाको छल्लानाम्दो मोक्पोस्थित 'वुसंग पिग फार्म'मा कार्यरत म्याग्दीका २८ वर्षीय तुलसी पुन मगर शनिबार मृत अवस्थामा फेला परेका थिए । मगरको मृत्युबारे अनुसन्धान भइरहेको बताइएको छ तर कोरियाली प्रहरीको रिपोर्टमा 'आत्महत्या गरेको' उल्लेख गरेर कागजात नेपाली दूतावासलाई बुझाइएको छ ।

उक्त घटनालगत्तै दूतावासमा कार्यरत श्रम काउन्सिलर मैयाँ कँडेलसहितको टोलीले रोजगारदातासँग गरेको छलफलपछि अन्य १५ नेपाली कामदारहरूलाई त्यहाँबाट अन्यत्र जान रोजगारदाताले अनुमति अर्थात् रिलिज पेपर दिएको बताइएको छ । मृतक मगरको शव शुक्रबार नेपाल पठाउने तयारी रहेको छ ।

उक्त कम्पनीमा कार्यरत नेपालीले त्यस कम्पनीमा काम गर्दा अत्यधिक शारीरिक तथा मानसिक तनाव झेल्नुपरेको गुनासो सुनाएका छन् । रोजगार अनुमति प्रणाली (इपीएस) अन्तर्गत कोरिया गएकामध्ये विगत ५ वर्षमा ८५ जना नेपालीको ज्यान गएको दूतावासका अधिकारीहरूलाई उद्धृत गर्दै बीबीसी नेपालीले उल्लेख गरेको छ ।

दक्षिण कोरियाका लागि नेपाली राजदूत शिवमाया तुम्बाहाम्फेले समस्यामा पर्नासाथ खबर नगर्ने प्रवृत्तिले जोखिम बढाएको भन्दै कामको सिलसिलामा अप्ठ्यारो परेको खण्डमा दूतावासलाई जानकारी गराउन पुनः अपिल गरेको बताइन् । त्यसका लागि दूतावासले ०१०-८४१७-२३९७ नम्बर सार्वजनिक गरेको छ ।

रोजगारदातासँग भाषाको समस्या, कामको बोझ र नेपालबाट परिवारले दिने तनाव व्यवस्थापन गर्न नसक्दा दक्षिण कोरियामा नेपालीले आत्महत्याको बाटो रोज्ने गरेका पाइएको छ । त्यसको रोकथामका लागि दूतावासले अनलाइनमार्फत मनोपरामर्श र स्थानीय स्तरमा योग कक्षा पनि संचालन गर्दै आएको छ ।

खाडी मुलुक र मलेसियाको तुलनामा राम्रो कमाइ हुने दक्षिण कोरियामा >>> पृष्ठ २ मा

हार्दिक समवेदना



जन्म
वि.सं. १९९८/१२/३०

स्वर्गारोहण
वि.सं. २०८१/११/०४

स्व. धनमाया पुरी

हाम्रा परम मित्र, धार्मिक तथा समाजसेवी, टाइटानिक म्यानपावर सप्लायर प्रा.लि. का प्रबन्ध निर्देशक श्री रामशरण पुरी तथा श्रीमती सारदा पुरीकी पुजनीय माता, हामी सबैकी अभिभावक **धनमाया पुरी**ले आफ्नो भौतिक सरिरलाई छोडी अव्यत्तरोहण हुनुभएको आज १३ औं पुण्य तिथिमा पुजनीय आमाको अमर आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल सम्पूर्ण परिवारमा धैर्य धारण गर्न सक्ने शक्ति प्राप्त होस् भनि शिव परमात्मासँग ध्यान, योग र प्रार्थना गर्दछौं ।

दिल प्रसाद पोखरेल
तथा
डाईनामिक सेल्स एण्ड सर्भिस प्रा.लि. परिवार
बसुन्धरा, काठमाडौं, नेपाल

NEPAL MEDICAL SHOW 2025 — 8TH EDITION

CONCURRENT SHOWS
8th Edition NEPAL LAB — THE LABORATORY EXPO 2025
Healthcare 2025 — SUPPLY CHAIN SHOW

The networking destination for the Medical & Healthcare industry

**Nepal Medical Show 2025**

**27–28 February & 1 March 2025**

**Bhrikuti Mandap, Kathmandu, 10 a.m. – 6 p.m.**

AROUND 70 INDIAN EXHIBITORS TO ATTEND THE EXPO

| 450+ | 650+ | 9500+ | 20+ |
|---|---|---|---|
| Exhibitors | Brands | Visitors | Countries |

**EXCLUSIVE CONCURRENT SHOWS**

- **NEPAL LAB –** BIGGEST LABORATORY & ANALYTICAL B2B EXHIBITION IN NEPAL
- **HEALTHCARE SUPPLY CHAIN**

Scan to get Visitor e-Badge



Organiser
S D PROMO MEDIA PVT LTD

Co-Organiser
EEPC INDIA — ENGINEERING THE FUTURE

# 'सामाजिक सञ्जालको प्रयोग मर्यादित हुनुपर्छ'

**गण्डकी/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउनुपर्ने बताएका छन् ।

बुकवर्म फाउण्डेशनको आयोजनामा बिहीबारदेखि पोखरामा सुरू भएको १२ औँ नेपाल साहित्य महोत्सवको 'सञ्चार संवाद' सत्रमा उनले सामाजिक सञ्जाल सञ्चालन र प्रयोग यसलाई नियमन गर्न जरूरी रहेको बताए ।

'सरकारले सामाजिक सञ्जालमा बढ्दो अराजकता र छाडापनलाई रोक्न विधेयक अगाडि बढाएको हो', उनले भने, 'सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयकले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्दन ।' सञ्चारमन्त्री गुरूङले सामाजिक सञ्जाल नेपालमा दर्ता नभइ चलेकाले तिनलाई दर्ता प्रक्रियामा ल्याउन लागिएको बताए ।

सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको हकको रक्षाका लागि सरकार प्रतिबद्ध रहेको जनाउँदै उनले अराजकता र अनुशासनहीनता स्वीकार गर्न नसकिने बताए । 'सामाजिक



सञ्जाललाई नियन्त्रण नभई नियमन गर्न खोजिएको हो, सभ्य र मर्यादित रूपमा यसको प्रयोग होस्', उनले भने, 'सामाजिक सञ्जालमार्फत सामाजिक सद्भाव र सहिष्णुता खल्बलिने वातावरण कदापि बन्नुहुँदैन, सरकारले त्यसो हुन दिँदैन ।'

**'स्रोत नहुादा जनअपेक्षा पूरा गर्न कठिन'**

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्रोतसाधनको सिमितताका कारण प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको बताएका छन् । उनले नागरिकका कतिपय माग पूरा गर्न प्रदेश सरकारसँग कानुनी आधारसमेत नभएको बताए ।

'संघीय कानुन नबन्दा कतिपय प्रदेश कानुन पनि बन्न सकेका छैनन्, वित्तिय सङ्घीयताको आधारमा राजस्वको बाँडफाँट हुन सकेको छैन', मुख्यमन्त्री पाण्डेले भने, 'जनअपेक्षा अनुसारका काम गर्न प्रदेशसँग आर्थिक सामर्थ्य छैन, प्रदेश सरकार आफैँले राजस्वको दायरा बढाउन स्रोतसाधनको अभाव छ ।' प्रदेशलाई आत्मनिर्भर नबनाएसम्म संघीयता दिगो र सबल बन्न नसक्ने उनको भनाइ छ । ग्रामीण अर्थतन्त्रलाई टेवा पुग्ने गरी तीनै तहका सरकारले विकास गतिविधि सञ्चालन गर्नुपर्ने उनले बताए । आगामी बजेट बनाउँदा आवश्यकताका आधारमा र नागरिकले प्रत्यक्ष महसुस गर्न सक्ने विकास आयोजनालाई प्राथमिकता दिने उनको भनाइ थियो ।

# जनताका समस्या राष्ट्रिय मुद्दाका रूपमा स्थापित गरिने छ : प्रचण्ड



**सुनसरी/मस–** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताका समस्यालाई राष्ट्रिय मुद्दाको रुपमा स्थापित गर्ने बताएका छन् । जनतासँग माओवादी तराई मधेश जागरण अभियानका क्रममा बिहीबार सुनसरीको गढी गाउँपालिकामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले तराईका जनताको समस्या समाधान र एकता कायम गर्न हुलाकी मार्ग केन्द्रित अभियान सुरु गरिएको बताए ।

पूर्वप्रधानमन्त्री समेत रहेका दाहालले जनताले कृषि क्षेत्रमा भोग्दै आएका समस्या समाधान र बजारीकरणलाई सम्बोधन गर्ने संकल्पसहित यो अभियान सञ्चालन गरिएको प्रष्ट पारे ।

उनले भने, 'कृषि पेन्सन, कृषि बिमा, शीत भण्डार र बजार उपज बिक्री केन्द्र स्थापना गर्नुपर्ने छ । यसका लागि हामो पार्टीले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।' राज्यले दक्षिण भेगमा बस्दै आएका नागरिकमाथि वर्षौंदेखि विभेद गरिरहेकाले यसको विरुद्ध संघर्षको झण्डा उठाउन अभियान थालिएको उनको भनाइ थियो ।

# बर्दियामा नगदसहित ७ जुवाडे पक्राउ

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १५ फागुन

बर्दिया प्रहरीले १ लाख ८४ हजार नगदसहित ७ जुवाडेलाई नियन्त्रणमा लिएको छ ।

बाँसगढी नगरपालिका ५ बाँसगढी बजारमा रहेको मुनलाइट होटलबाट प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बर्दियाका प्रहरी नायव उपरीक्षक ऋषिराम धर्ती मगरले जानकारी दिए ।

गोप्य सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय मोतिपुरबाट खटिएको प्रहरी टोलीले छापा मारेर जुवाडेसहित उक्त रकम, ७ वटा मोबाइल तथा तास बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा बाँसगढी नगरपालिका वडा नं. ५ बाँसगढी बजारका ३९ वर्षीय रामबहादुर बुढाथोकी, ३५ वर्षीय लक्ष्मीप्रसाद पौडेल, ४८ वर्षीय दयाराम लम्साल, ५२ वर्षीय शिवबहादुर सुनार, ३४ वर्षीय जीवन पौडेल, १९ वर्षीय दिपक सुनार र बढैयाताल गाँउपालिका ६ रानिपुरका ४९ वर्षीय विष्णुराज पौडेल रहेका छन्। पक्राउ परेकालाई कारबाही प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# गोली लागेर १ जनाको मृत्यु, २ पक्राउ

**सिन्धुली/मस–** सिन्धुलीको घ्याङलेख गाउँपालिका-४ आहालेका ४६ वर्षीय युगबहादुर स्याङ्तानको गोली लागेर मृत्यु भएको पुष्टि भएको छ । रुखबाट लडेर घाइते भएका भनिएका युगबहादुरको उपचारका क्रममा बिहीबार मृत्यु भएको थियो । बुधबार दिउँसो जंगलमा घाँस काट्ने क्रममा रुखबाट लडी गम्भीर घाइते भएको भनिएका युगबहादुरको गोली लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिए । उनका अनुसार घाँस काट्ने क्रममा रुखबाट लडी गम्भीर घाइते भई केएमसी अस्पताल सिनामंगल काठमाडौंमा लगी उपचार भइरहेको भन्ने सूचना पाएपछि इलाका प्रहरी कार्यालय बस्तीपुरबाट प्रहरी निरीक्षक टीकाराज बरालको कमाण्डमा खटिएको प्रहरी टोलीले घटनाको अनुसन्धान सुरु गरेको थियो ।

# 'स्याट'द्वारा पत्रकार श्रेष्ठको अभिनन्दन

**काठमाडौं/मस–** शैक्षिक रूपान्तरणका लागि विद्यालयहरूको गठबन्धन 'स्याट' नामक संस्थाले विगत तीन वर्षदेखि आयोजना गर्दै आइरहेको 'भ्वाइस अफ स्याट' को सिजन ३, गायन प्रतियोगितामा सम्पन्न गरेको छ ।

स्कुले विद्यार्थीहरुलाई पढाइका साथसाथै अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै जोड दिनुपर्छ भन्ने उद्देश्यले २०७० सालमा स्थापित संस्थाले यो वर्ष २६ वटा सदस्य स्कुलमध्ये १६ वटा स्कूलका २६ विद्यार्थीहरुले 'पूरानो धुन' विद्यामा भएको अन्तिम प्रतिस्पर्धामा आ-आफ्नो प्रस्तुति प्रस्तुत गरेका छन् ।

२०८१ जेठ २२ गते अडिसन सुरू भएको उक्त महत्वकांक्षी कार्यक्रमबाट राम्रा-राम्रा बाल गायकहरू उत्पादन गर्ने सोच आयोजक स्याटले बोकेको छ । डिजी स्कूलले प्रमुख स्पोन्सर रहेर सो कार्यक्रम सफल बनाउन



महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

उक्त कार्यक्रमको अडिसन, मेगा अडिसन, टप १००, टप ५० देखि टप २० राउण्डसम्म सम्पूर्ण राउण्डहरूमा गायक उमेश राउतले माष्टर जुरीको भूमिका निर्वाह गरेका थिए। चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न फाइनल कार्यक्रमको सभापतित्व आयोजक संस्थाका अध्यक्ष ई. विनय श्रेष्ठले गरेका थिए । कार्यक्रममा शिक्षाविद् विचारीप्रसाद अधिकारी, गायक लाक्पा शेर्पा, पत्रकारद्वय सानु श्रेष्ठ, सरोज ओझा, पारा ओलम्पियाड पलेशा गोवर्धनलाई अभिनन्दन गरिएको थियो। गायन प्रतियोगितामा मेगा विजेताहरूमा टाईटल विजेता दिया घिमिरे, पिक प्वाइन्ट एकेडेमी, चुनिखेल, फस्ट रनर अप- सम्पदा घिमिरे, गोल्डेन गार्डन एकेडेमी,सुकेधारा, सेकेन्ड रनर अप-जेविशा श्रेष्ठ, पिक प्वाइन्ट एकेडेमी, थर्ड रनर अप-अन्जल बाबु कट्टेल, साइपाल एकेडेमी, धुम्बाराही, फोर्थ रनर अप- आर्यन शाही, सेन्ट जर्ज इन्टरनेशनल स्कूल धुम्बाराही रहेका थिए भने राइजिङ स्टार अवार्ड- मञ्जिल घिमिरे नोब्स, चाबहिल, पब्लिक च्वाइस अवार्ड- अन्जलबाबु कट्टेल, साइपाल एकेडेमीले हात पारेका थिए ।

मेगा बिजेता ५ जना कलाकारहरूले गीत रेकर्डिङ, नगद पुरस्कार, ट्रफी , मेडल, सर्टिफिकेट, गिफ्ट हाम्पर, साईपाल कलेज र इन्साईट भिजन कलेजबाट २ लेभल शिक्षा तहमा सत् प्रतिशत छात्रवृत्ती र बाँकी २१ जना ग्रान्ड फिनालिष्टहरूले पनि ट्रफी, मेडल, सर्टिफिकेट, गिफ्ट हाम्पर प्राप्त गरे । कार्यक्रम संयोजक प्रशान्त दाहाल लगायतको सहकार्यमा सम्पन्न कार्यक्रमका जुरी सदस्यमा किर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ, बरिष्ठ संगीतकार राजु सिंह र क्लासिकल गायिका संगीता प्रधान रहेका थिए ।

## साधारण...

५३ प्रतिशत हो । जबरजस्ती चोरीअन्तर्गत ३ जना कारबाहीमा परेका छन् । यो शून्य दशमलव ०७ प्रतिशत हो । चैपाया अर्थात् पशुपक्षी चोरी गरेको आरोपमा २६ जना कारबाहीमा परेका छन् । यो शून्य दशमलव ६९ प्रतिशत हो ।

मुलुकी अपराध संहिता ऐन, २०७४ मा चोरी तथा डाकासम्बन्धी विभिन्न कसुरजन्य कार्यहरूलाई अपराधीकरण गरी कसुर गर्ने व्यक्तिलाई सजायको व्यवस्था गरिएको छ ।

कसुरहरूमध्ये न्यायिक स्वविवेकमा सजाय निर्धारण गर्नुपर्नेगरी सजायको माथिल्लो तथा तल्लो हदको व्यवस्था पनि गरिएको छ । चोरीको कसुरमा ३ वर्षसम्म कैद तथा ३० हजारसम्म जरिमाना हुने व्यवस्था छ ।

३ वर्षसम्म कैद तथा ३० हजारसम्म जरिमाना हुने कसुरमा सजाय निर्धारणको प्रयोजनका लागि छुट्टै सुनवाइ गर्नु नपर्ने भनिएको भनेर सर्वोच्च अदालतले चोरी तथा डाकासम्बन्धी कसुरमा सजाय निर्धारणसम्बन्धी सामान्य मार्गदर्शन नै बनाएको छ ।

प्रहरीका अनुसार चोरीको प्रकृति, चोर्ने तरिका र चोरिने सामान भने समयअनुसार फरक छन् । पहिले घरको रेकी गर्न कति जना बस्छन्, कुन बेला कहाँ जान्छन्, कुकुर छ कि छैनलगायतका विषयमा जानकारी लिएर रातको समयमा हतियारसहित गएर चोरी हुने संख्या ज्यादा हुन्थ्यो ।

तर, पछिल्लो समय चोरहरू खासै समूहमा हुँदैनन्, चोरहरू चोर्न दिउँसो घरमा कोही नभएका बेला पस्छन् र नगद, सुन, ल्यापटप, मोबाइल जस्ता सामान लिएर हिँड्छन् । चोरी गरेपछि सामान लुकाउन सजिलो र बिक्री गर्नसमेत सजिलो हुने भएकाले नगद, सुन, ल्यापटप र मोबाइल जस्ता सामानको चोरी गर्नेको संख्या बढी भएको हो ।

## ऋणको ....

आम्दानी भएको पार्टीका रूपमा दर्ज भएको छ । संसदको पहिलो ठूलो दल नेपाली कांग्रेस आय-व्ययमा चौथो स्थानमा छ । पार्टी सदस्यता शुल्कदेखि जनप्रतिनिधि, राजनीतिक नियुक्ति पाएका व्यक्तिहरूबाट लिने लेबीलगायतको आम्दानी र खर्च व्यवस्थित राख्नेमध्येमा समेत एमाले नै सबैभन्दा चुस्त राजनीतिक दल रहेको निर्वाचन आयोगले जनाएको छ ।

अन्य दलहरूको हिसाबकिताब भद्रगोल रहेको पाइएको छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा राजनीतिक दलहरूले आय-व्ययको लेखापरीक्षण गर्नुपर्ने र परीक्षणको १ महिनाभित्र निर्वाचन आयोगमा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम गत माघ महिनाभित्र ८८ राजनीतिक दलहरूले आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन आयोगमा बुझाएका हुन् ।

दलको आर्थिक अडिटअनुसार नेकपा एमालेबाहेक सबै दल ऋणको भारीले थिचिएका छन् । एमाले ६ करोड ९३ लाख ६७ हजार ८० रुपैयाँ फाइदामा रहँदा सरकारमै रहेको संसद्को पहिलो दल नेपाली कांग्रेस २ करोड ३२ लाख ४७ हजार ६०० रुपैयाँ ऋणमा छ । त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी २ करोड ७० लाख ऋणमा परेको छ । नेकपा (एकीकृत समाजवादी) ३३ लाख, नेकपा (माओवादी केन्द्र) ५३ हजार र जनमत पार्टी २९ हजार ऋणमा छन् ।

नेपाली कांग्रेसका कोषाध्यक्ष उमेश श्रेष्ठले पार्टीमा सदस्यता शुल्क र नियमित उठ्नुपर्ने लेबी उठ्न नसक्दा घाटामा देखिएको बताए । ऋण व्यवस्थापनका लागि पार्टीका कार्यकर्ता र शुभेच्छुकहरूबाट सहयोग लिने, लेबी र सदस्यता शुल्क अनिवार्य उठाएर आम्दानी र खर्च पारदर्शी बनाउने विषयमा पार्टी सचेत रहेको उनको भनाइ छ ।

पार्टी सदस्य संख्या १० लाख पुऱ्याउने योजना रहेकाले सदस्यता शुल्क र पदाधिकारी तथा जनप्रतिधिधिहरूलाई तोकेको शुल्क नियमित उठ्दा पार्टी संचालनमा थप ऋणको भार नपर्ने उनको दाबी छ ।

नेकपा एमाले आर्थिक वर्ष २०८०/०८१ मा १४ करोड ७९ लाख ५ हजार आम्दानी हुँदा ७ करोड ८५ लाख ३८ हजार ३ रुपैयाँ खर्च गरेको छ। सो आर्थिक वर्ष सकिँदा एमालेको खातामा ६ करोड ९३ लाख ६७ हजार ८० रुपैयाँ छ। उक्त रकम अहिले पनि नघटेको नेकपा एमालेका नेता विशाल भट्टराईले बताए ।

उनले भने, 'हाम्रो मुख्य आम्दानी पार्टीको संगठित सदस्यता, पदाधिकारी तथा जनतप्रतिनिधिको लेबीलगायत हुन्। आयस्रोतबाट प्राप्त रकमको आम्दानी र खर्चलाई व्यवस्थित र पारदर्शी रूपमा राखेका छौं ।'

एमाले फाइदामा जानुका पछाडि व्यवस्थित हिसाबकिताब, नियमित लेबी र विभिन्न क्षेत्रका व्यक्तिहरूबाट स्नेहका साथ प्राप्त सहयोग नै रहेको उनको दाबी छ। एमालेले सदस्यता शुल्कबाट मात्र साढे ११ करोड रुपैयाँ आम्दानी गरेको छ।

एमालेका ५ लाख संगठित सदस्य रहेका र यस वर्ष नयाँ सदस्यतासमेत थपिने क्रम रहेको एमालेको दाबी छ।

नेकपा एसले आम्दानीभन्दा खर्च बढी गरेको छ। निर्वाचन आयोगमा बुझाएको विवरणअनुसार एकीकृत समाजवादीले गत आर्थिक वर्षमा ४ करोड २४ लाख ५३ हजार ६९१ रुपैयाँ आम्दानी गरेकामा ४ करोड ५७ लाख ४० हजार ८५४ रुपैयाँ खर्च गरेको छ। यो हिसाबले एकीकृत समाजवादी ३२ लाख ८७ हजार १६३ रुपैयाँ घाटामा छ ।

प्रतिनिधिसभामा २१ सिटसहित संसद्को पाँचौं ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले गत वर्षमा ३ करोड ८० लाख रुपैयाँ आम्दानी गरेको देखाएको छ। रास्वपाको खर्च आम्दानीभन्दा दोब्बर देखिन्छ । सो दलले खर्च ६ करोड ५० लाख भएको लेखापरीक्षण प्रतिवेदन आयोगमा पेस गरेको छ । रास्वपाको अडिटअनुसार २ करोड ७० लाख घाटामा छ ।

संसद्को दोस्रो ठूलो पार्टी नेपाली कांग्रेस भने आम्दानीका हिसाबले नेकपा एस र रास्वपा भन्दा पनि कमजोर देखिएको छ । कांग्रेसले आर्थिक वर्ष २०८०/०८१ मा २ करोड ५९ लाख ८ हजार ७७५ रुपैयाँ आम्दानी गरेको छ। तर, खर्च भने ४ करोड ९१ लाख ५६ हजार ३७५ रुपैयाँ छ। यो हिसाबले नेपाली कांग्रेस अहिले २ करोड ३२ लाख ४७ हजार ६०० रुपैयाँले घाटामा छ ।

कांग्रेसले अघिल्लो आर्थिक वर्ष २०७९/०८० पनि घाटामा रहेको विवरण निर्वाचन आयोगमा पेस गरेको थियो । कांग्रेसको आम्दानीको प्रमुख स्रोत चन्दा हो। चन्दाबाट मात्र उसले १ करोड ७३ लाख ९४ हजार ४३९ रुपैयाँ संकलन गरेको थियो । सदस्यता, लेबी र नवीकरण शुल्कबाट भने ७१ लाख आम्दानी गरेको थियो।

संसद्को तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र)ले आर्थिक वर्ष २०८०/०८१ मा १ करोड ८६ लाख ५३ हजार १४६ रुपैयाँ आम्दानी गरेको छ। माओवादीले ५३ हजार घाटाको हिसाब देखाएको छ।

त्यस्तै, जनमत पार्टीले आर्थिक वर्ष २०८०/०८१ मा १ करोड १८ लाख ८१ हजार ९४३ रुपैयाँ आम्दानी गरेको छ। उसको खर्च १ करोड १९ लाख ११ हजार ३३३ रुपैयाँ छ । यो हिसाबले जनमत पार्टी २९ हजार ३९० रुपैयाँ घाटामा देखिन्छ ।

## कोरियामा...

बंगुर फार्म जस्ता ठाउँमा गाह्रो काम पनि गर्नुपर्ने अवस्था छ । राजदूत तुम्बाहाम्फेले कमाइ र कामका बारेमा नेपालमा नै जानेर बुझेर जानुपर्ने बताइन् ।

वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउनेमध्ये करिब १२ प्रतिशत नेपाली कामदारले आत्महत्याको बाटो रोजेका देखिएको छ । वैदेशिक रोजगार बोर्डका अनुसार गत वर्ष वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका १ हजार २७३ मध्ये १४७ जना नेपाली कामदारले आत्महत्या गरेका थिए । रोजगारीको सिलसिलामा ज्यान गुमाउनेमध्ये मृत्युको पहिलो कारणमा विभिन्न प्रकारका रोगको संक्रमण, दोस्रो कारण प्राकृतिक मृत्यु र तेस्रो कारण आत्महत्या हुने गरेको बोर्डको तथ्यांकमा उल्लेख छ ।

पछिल्लो समय सामाजिक संजालमा हुने चर्चाको लहलहैमा लागेर कमाइको ठूलो हिस्सा शेयरको कारोबारमा लगाउने र गुमाउने गरेका कारण पनि दक्षिण कोरियामा कार्यरत कामदार मानसिक दबाब र तनावमा पर्ने गरेका बताइन्छ ।

केही समयअघि नेपाल आएका मलेसियाका मनोसामाजिक परामर्शदाताहरूले कामदारको शारीरिक तन्दुरुस्ती र अन्य रोग परीक्षणसहित मानसिक स्वास्थ्य परीक्षणको विषय सरकारी नीतिको प्राथमिकतामा रहनुपर्ने सुझाव दिएका थिए। तर, त्यसतर्फ खासै पहल नदेखिएको बताइएको छ ।

मानसिक समस्यामा रहने युवाहरूले आत्महत्या गर्ने, बीचमै रोजगारी छाड्ने, कम्पनीसँग सेवा, सुविधा जस्ता विषयमा अनावश्यक झगडा गर्ने प्रवृत्ति पनि देखिएको मलेसियाका मनोपरामर्शदाताहरूको भनाइ छ ।


**साउदीमा रोजगार** कम्पनी: ADVANCED PATHWAYS LOGISTICS SERVICES COMPANY शहर: Dammam
पुर्व स्वीकृत मितिः २०८१/११/१५ चलानी नं.: ६०२३३६६२ L.T. No.: 319573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६६,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**ओमनमा रोजगार** कम्पनी: HANI ARCHIRODON LIMITED LIABILITY COMPANY शहर: Oman
पुर्व स्वीकृत मितिः २०८१/०४/१८ चलानी नं.: ६०२२३०३२ L.T. No.: 308348 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ship Mechanic General | 8 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४३,४३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Seaman | 8 | 0 | | 150 | ५४,२९२ | | | | | | | |
| 3. | Construction Worker | 7 | 0 | | 100 | ३६,१९४ | | | | | | | |
| 4. | Concrete Forms Carpenter | 1 | 0 | | 120 | ४३,४३३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1035/072/073
**Lulu International Pvt. Ltd.**
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184

**यूएईमा रोजगार** कम्पनी : AL SAHRAA AL WASEAH PLASTERS & TILES CONT शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५८ LT. No.: 319564

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 26 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1170/073/074
**LEADING AIM INTERNATIONAL PVT. LTD**
Basundhara-3, Kathmandu, Tel: 01-5904026,9824327595,9808107471
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np
Janakpur: 9827003053, 9709058091, 9818982798,

**साउदीमा रोजगार** कम्पनी: Ewan Human Resources Company शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६४८ L.T. No.: 319534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Ewan Human Resources Company शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५२ L.T. No.: 319533

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | OFFICE CLEANING LABOUR | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Iwan Human Resources Company is a closed joint stock company शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५४ L.T. No.: 319531

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Iwan Human Resources Company is a closed joint stock company शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५५ L.T. No.: 319532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | |

कम्पनी: Iwan Human Resources Company is a closed joint stock company शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५६ L.T. No.: 319535

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | |

कम्पनी: Iwan Human Resources Company is a closed joint stock company शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५७ L.T. No.: 319537

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CHERISH OVERSEASE PVT. LTD.** Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com

**युएईमा रोजगार** कम्पनी: OPERON MIDDLE EAST शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६५१ LT. No.: 319575

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 14 | 24 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Supervisor | 5 | 0 | | 1600 | ६०,६५६ | | | | | | | |
| 3. | External Building Cleaner (Irata Level 1 & 2) | 20 | 0 | | 1400 | ५३,०७४ | | | | | | | |
| 4. | Housekeeping Supervisor | 5 | 0 | | 1600 | ६०,६५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. No. 1686/080/081
**SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD**
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

स्वकीय सचिव आत्महत्या प्रकरण

# विपक्षीले मागे मन्त्रीको राजीनामा





**काठमाडौं/मस–**बागमती प्रदेशका सहकारी तथा गरिबी निवारणमन्त्री मदुकुमार श्रेष्ठका स्वकीय सचिव रवि थापाको आत्महत्या प्रकरणमा विपक्षी तीन दलले मन्त्री श्रेष्ठको राजीनामा मागेका छन् ।

बिहीबार नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राप्रपाले संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै मन्त्री श्रेष्ठको राजीनामा माग गरेका हुन् ।

'मृतक थापाको अकल्पनीय मृत्यु पछि प्रहरीले फेला पारेको आत्महत्या सम्बन्धी मृतकको स्वलेख (सुसाइड नोट) भनिएको पत्र तथा सहकारीसम्बन्धी मृतक रविको बाहिरिएको अडियो रेकर्डमा मन्त्री श्रेष्ठलगायत नेताहरूको समेत नाम सुनिएको र सोही कारण बाध्यात्मक परिस्थितिमा आत्महत्या भएको भन्ने आसयका समाचारले घटनालाई रहस्यमय बनाएको छ' ३ दलले जारी गरेको विज्ञप्तिमा भनिएको छ । उनीहरूले घटनाको सबै पक्षबाट छानबिन हुनु पर्ने बताउँदै घटनाको निष्पक्ष छानविनका लागि सहज वातावरण निर्माण गर्न मन्त्री श्रेष्ठले राजीनामा दिनु पर्ने माग गरेका हुन् ।

विज्ञप्तिमा माओवादीका रत्न ढकाल, एकीकृत समाजवादीका वसन्त मानन्धर र राप्रपाकी कुमारी तामाङले हस्ताक्षर गरेका छन् ।

उनीहरूले घटनाको छानबिनका लागि तत्काल संसदीय समिति बनाउन पनि माग गरेका छन् ।

सोमबार मन्त्री श्रेष्ठका स्वकीय सचिव थापाले आत्महत्या गरेका थिए । काठमाडौंमा रहेका थापाले साथीको कोठामा विषादी सेवन गरेका थिए । कोठामा अचेत अवस्थामा फेला परेका उनलाई उद्धार गरेर काठमाडौंको कलंकीस्थित अस्पताल लगिएको थियो । सोही अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको थियो ।

बागमती प्रदेशको सहकारी मन्त्रालय मातहतमा रहेको सहकारी महाशाखाले २८ पुसमा समस्याग्रस्त सहकारी घोषणा गरेको सुमेरु सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिडेटको विषयमा फोनमा गरेको कुराकानी बाहिरिएपछि थापाले आत्महत्या गरेको खुलेको छ ।

केही दिन अघि थापाले कांग्रेस धादिङका नेता राजु बर्तौलासँग मिलेर समयाग्रस्त सहकारी घोषणा भएको सुमेरुको फाइल सहकारी महाशाखाको सिस्टमबाटै हटाइदिने भन्दै बोलेको अडियो एक मिडियाले प्रसारण गरेको थियो । त्यसलगत्तै कांग्रेसका नेता बर्तौला पक्राउ परेका थिए । थापाले आत्महत्या गरेका छन् ।

थापाले आत्महत्या गर्नुअघि एक सुसाइड नोटसमेत लेखेको खुलेको छ । मृतक थापाको साथबाट प्राप्त नोटमा मन्त्री श्रेष्ठ र सचिवालयले राम्रो काम गरेकाले बदनाम गर्न आफ्नो अडियो सम्पादन गरी प्रयोग गरेको उल्लेख भएको स्रोतले जनाएको छ ।

## एमालेकी निलम्बित नेतृ
# तिम्सेना–माओवादी सचिव कार्कीबीच छलफल



**काठमाडौं/मस–** एमालेबाट निलम्बित केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले माओवादी केन्द्रका सचिव राम कार्कीसँग भेट गरेकी छन् ।

१० पुसमा एमालेको ६ महिने निलम्बनमा परेकी तिम्सेनाले बिहीबार झापामा नेता कार्कीसँग भेट गरेकी हुन् । कार्कीसँग भेटपछि तिम्सेनाले माओवादी प्रवेश गर्न सक्ने आशंका गरिएको छ ।

तर, नेता कार्कीसँग आफ्नो सामान्य कुराकानी भएको तिम्सेनाले बताइन् । 'राम दाइसँग हामी भेटिरहन्छौं । उहाँको निर्वाचन क्षेत्र झापा हो, यहाँ रहँदा र समय मिल्दा हामी भेट्ने गरेका छौं,' तिम्सेनाले भनिन् ।

माओवादी प्रवेश गर्न लागेको पत्रकारको जिज्ञासा उनले भनिन्, 'त्यस्तो केही होइन । म माओवादीमा जानेबित्तिकै ठूलै केही भइहाल्छ र ? निलम्बन र यो भेटबारे केही साइनो-सम्बन्ध छैन । कन्युनिष्ट आन्दोलनबारे कुराकानी भयो, अरु केही थिएन ।'

उषाकिरणसहित अर्की नेता विन्दा पाण्डेलाई १० पुसमा बसेको एमाले सचिवालय बैठकले ६ महिनाका लागि पार्टीबाट निलम्बन गरेको थियो । त्यसयता उनीहरू पार्टीको काममा छैनन् ।

# भूमि अध्यादेशको विषयमा जसपाले अन्तरक्रिया गर्ने




**काठमाडौं/मस–** सरकारले संसद्मा प्रस्तुत गरेको भूमि अध्यादेशबारे जनता समाजवादी पार्टी, नेपाल (जसपा) ले बृहत् अन्तरक्रिया गर्ने भएको छ ।

जसपा नेपालको संसदीय दलको बैठकले भूमिसम्बन्धी अध्यादेशको विपक्षमा मतदान गर्ने निर्णय गरिसकेको अवस्थामा फेरि अन्तरक्रिया गर्न लागेको हो ।

जसपा नेपालनिकट बौद्धिक पेशाकर्मी महासंघ नेपालले विभिन्न राजनीतिक दलका शीर्ष नेता र विज्ञहरूको सहभागितामा भूमि अध्यादेश उपर बृहत् अन्तरक्रिया गर्न लागेको हो ।

काठमाडौंमा शुक्रबार हुने उक्त अन्तरक्रियामा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरसहितलाई बोलाइएको छ ।

विज्ञ वक्ताको रूपमा विजयकान्त कर्ण, डा. उमाशंकर प्रसाद, गोपीनाथ मैनाली, शेखर यादव, माधव देव र नागेन्द्र प्रसाद यादवलाई आमन्त्रित गरिएको छ ।

सरकारले ल्याउन लागेको ६ वटा अध्यादेश मध्ये भूमि सम्बन्धी अध्यादेश राष्ट्रको हितमा नरहेको भन्दै जसपा नेपालले त्यसको विपक्षमा मतदान गर्ने यसअघि नै औपचारिक निर्णय गरिसकेको छ ।

भूमि अध्यादेश पारित भए देशभरीकै सार्वजनिक जग्गाको चरम दुरुपयोग हुने भन्दै जसपा नेपालको अडानले गर्दा ती अध्यादेशहरू अहिले संसदमा अलपत्र परेका छन् ।

# नवराजपुरमा सर्पदंश उपचार केन्द्र स्थापना



**सिरहा/मस–** सिरहाको नवराजपुर गाउँपालिकामा सर्पदंश उपचार केन्द्र स्थापना भएको छ । नवराजपुर-४ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंश केन्द्रको स्थापना भएको हो । गाउँपालिकाका अध्यक्ष शिवउदगार यादवले सर्पदंश उपचार केन्द्रको उद्घाटन गरे ।

'हुलाकी राजमार्ग आसपासका बासिन्दाले समयमा सर्पदंशको उपचार नपाउँदा बर्सेनि अकालमा ज्यान गुमाउनु परेको थियो । स्थानीयको सहज उपचार पहुँच विस्तार गर्ने योजना अनुसार सर्पदंश उपचार केन्द्र स्थापना गरेका हौं,' नवराजपुरका स्वास्थ्य संयोजक संजिवकुमार यादवले भने ।

उनका अनुसार नेपाली सेनाको प्राविधिक सहयोगमा तालिम प्राप्त चिकित्सक जितेन्द्र यादवको टिमले उपचार गर्ने र केन्द्रको अन्य व्यवस्थापन गाउँपालिकाले गर्नेछ । केन्द्र सञ्चालनका लागि १५ लाख रुपैयाँ स्रोत व्यवस्थापन गरिएको गाउँपालिकाले जनाएको छ ।

केन्द्र स्थापना भएसँगै सर्पले डसेमा उपचारका लागि चोहर्वा वा लाहन जानुपर्ने बाध्यता अन्त्य भएको छ ।

अध्यक्ष यादवले उपचारका लागि आवश्यक पर्ने 'स्नेक एन्टी भेनम' तथा अन्य सामग्री व्यवस्थापन गरी केन्द्र सञ्चालनमा आएकाले उपचारमा स्रोत अभाव नहुने बताए ।

केन्द्र सञ्चालनमा आएसँगै नवराजपुर गाउँपालिकाका साथै जिल्लाका भगवानपुर, बरियारपट्टी र औरही गाउँपालिकाका बासिन्दा लाभान्वित हुनेछन् । सर्पदंश उपचार केन्द्र स्थापनाका लागि स्थानीय रामऔतार यादवले जग्गा दान गरेका थिए ।

# वीर अस्पतालमा २ सिफ्टमा शल्यक्रिया हुने




**काठमाडौं/मस–** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालले दैनिक २ सिफ्टमा शल्यक्रिया हुने भएको छ । १ साताभित्रै २ सिफ्टमा अपरेशन गर्ने गरी व्यवस्थापन गरिएको निमित्त निर्देशक डा. समाज गौतमले जानकारी दिए ।

निमित्त निर्देशक गौतमले अस्पतालको प्रयोगशालाको क्षमता वृद्धिका लागि उपकरणहरू थपिएको बताए । 'ल्याब परीक्षणका लागि बाहिर जान नपर्ने गरी प्रयोगशालाको क्षमता बढाएका छौं', उनले भने, 'बाहिर प्रयोगका लागि गइरहेका परीक्षणको विवरण अध्ययन गरेर आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गर्ने योजनाअनुसार काम थालिएको छ ।'

डा. गौतमले वीरमा हाल दैनिक २५ एमआरआई भइरहेकामा क्षमता वृद्धि गरेर ३२ पुऱ्याइसकेको बताए । 'अहिले दैनिक भएकोभन्दा बढी एमआरआई सेवा उपलब्ध भएको छ', उनले भने, 'अब पहिलेभन्दा महिनामा २ सय जनाले बढी सेवा लिन पाउने छन् ।'

अस्पतालले शौचालय सफा नभएका भनेर बिरामी तथा कुरुवाको गुनासो आउने गरेको भन्दै यसको व्यवस्थापनका लागि समेत काम भइरहेको निमित्त निर्देशक गौतमले बताए ।

'हामीले कसरी अझ बढी सफा गर्न सकिन्छ भनेर टोलीलाई अनुगमन तथा सुधारका लागि खटाएका छौं', उनले भने, 'यसको नतिजा पनि चाँडै देखिनेछ ।'

# मानवअधिकार परिषद्को सदस्यमा नेपाललाई मत दिन आग्रह



**काठमाडौं/मस–** नेपालले संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को सदस्यमा मतदान गर्न विश्व समुदायलाई आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को ५८ औं उच्चस्तरीय सत्रलाई सम्बोधन गर्ने क्रममा जेनेभमा रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले जेनेभामा रहेका विभिन्न देशका राजदूत एवं प्रतिनिधिहरूलाई परिषद्को सदस्यमा मतदान गर्न विश्व समुदायलाई आग्रह गरेकी हुन् ।

मन्त्री राणाले सीमित स्रोत र साधनका बाबजुद पनि मानवअधिकारको रक्षा र प्रवर्द्धनका क्षेत्रमा नेपालले गरेका काम र प्राप्त उपलब्धिलाई हेरेर नेपाललाई मत दिन आग्रह गरिन् । मन्त्री राणाको सम्मानमा जेनेभास्थित नेपाली स्थायी नियोगले बुधबार साँझ जेनेभामा रहेका विभिन्न देशका स्थायी नियोग र विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाका प्रमुखहरूका लागि स्वागत समारोह आयोजना गरेका थिए । सोही समारोहमा मन्त्री देउवाले सम्बोधन गर्ने क्रममा नेपाललाई मत दिन आग्रह गरिन् । समारोहमा जेनेभामा रहेका १ सयभन्दा बढी देशका राष्ट्रसंघीय स्थायी नियोगप्रमुख तथा राजदूत र विभिन्न अन्तर ाष्ट्रिय संघसंस्थाका प्रतिनिधि उपस्थित थिए ।

देउवा ६ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत शनिबार जेनेभा पुगेकी हुन् । उनी शुक्रबार बिहान स्वदेश फर्कँदै छिन् ।


## Vacancy Announcement

One of the reputed manpower agency is seeking for following applicants.

- Operation Director - 2
- Sourcing Manager - 5
- Accountant - 2
- Flight Officer - 2
- Documentation Officer - 5

Salary Negotiable

Interested candidates send your CV to apply: info@linknepalmanpower.com

Requirements:
Minimum 2 or3 Years of Experienced in Manpower field.

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330, 9818750078
Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015



"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति १९९८/१२/३0

स्व. धनमाया पुरी

स्वर्गारोहण २0८१/११/04

हाम्रा शुभेच्छुक टाइटानिक मेनपावर सप्लायर प्रा.लि.का प्रवन्ध निर्देशक श्री रामशरण पुरीज्यूकी ममतामयी माता

**धनमाया पुरी**को

यही मिति २0८१ फागुन 8 गते ८३ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा

मध्यान्ह परिवार
Madhyanha National Daily

www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News



## युएईमा रोजगार

कम्पनी: SHAJARAT ALDOR TECHNICAL SERVICES L.L.C
शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५
चलानी नं.: ६०२३३६४०
L.T. No.: 319476

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Painter | 3 | 0 | स. काममा दक्ष | 1200 | ४५,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 February 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ALON OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com
Govt. Lic. No. 1464/074/075



## युएईमा रोजगार

कम्पनी: EXPLORER FOR EMPLOYMENT SERVICES - LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५
चलानी नं.: ६०२३३६४४
LT. No.:319538

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Brick Mason Assistant | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 50 | 0 | | 1200 | ४५,४९२ | | | | | | | |
| 3. | CARPENTER ASSISTANT | 50 | 0 | | 1000 | ३७,९१० | | | | | | | |
| 4. | STONE MASON | 50 | 0 | | 1200 | ४५,४९२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015



## Kotahimai Rural Municipality
## Office of Rural Municipal Executive

Majhgawa, Rupandehi
Lumbini Province, Nepal

### Invitation for Online Bids

First Date of Publication: **16/Falgun/2081 (28/Feb/2025)**

1. Kotahimai Rural Municipality has allocated funds towards the cost of procurement of works and intends to apply part of the funds to cover eligible payments under the following Contract.

| S. N. | Contract ID | Description of Works | Grand Estimated Amount Nrs. (Including VAT and Others) Nrs. | Bid Security Amount & Validity Period | Bid Document Fee & Bid Validity Period | Bidding Process |
|---|---|---|---|---|---|---|
| 1 | 03/NCB/ KRM/081/082 | Construction of Health Post, Ward 1 | 89,42,131 | Nrs.2,50,000 120 Days | Nrs.3,000 90 Days | NCB |

2. Eligible bidders can inspect the Bidding documents at the PPMO website www.bolpatra.gov.np and may obtain further information at Kotahimai Rural Municipality Office.
3. Bid Submission, Bid Opening & Bank Details :

| Last date and Time of Bid Submission | Bid opening date and Time | Bank Account Details | | | |
|---|---|---|---|---|---|
| | | Office Name | Bank Name /Address | Bid Document Fee | Bid security |
| 17/Chaitra/2081 (30/March/2025); 12:00 Hours | 17/Chaitra/2081 (30/March/2025); 13:00 Hours | Kotahimai Rural Municipality | Agricultural Develoment Bank/ Majhgawa, Rupandehi | 0414101151094141 (Ga. 1.1) (Rajashwa Khata). | 0414101151094034 (Ga.3) (Dharauti Khata ) |

4. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations, PPA 2063 and PPR 2064 and other related acts of Nepal.
5. Any amendment in the tender notice or Bidding Document will be posted in Bolpatra Sites as well as notice board at Kotahimai Rural Municipality Office ,Majhgawa, Rupandehi and may visit in Office's Web site http://kotahimaimun.gov.np/
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com

१६ फागुन २०८१ शुक्रबार
28 February 2025, Friday

## सम्पादकीय

# तत्काल थाल्नुपर्ने कोर्स

संघीय संसदमा केही सांसदहरूले गत दशैं अगाडि परेको अत्याधिक वर्षाबाट पुगेको जनधनको क्षतिबारे सरकारको ध्यानाकर्षण गराएका छन् । बाढी पहिरोबाट क्षतिग्रस्त संरचनाको निर्माण र बिस्थापित मानिसहरूको पुनर्स्थापनाबारे आवश्यक काम हुन नसकेको उनीहरूले बताएका छन् । बढी क्षति पुगेको काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, ललितपुर लगायत क्षेत्रका पीडितहरूले कष्टकर रूपमा हिउँद कटाएको सांसदहरूको भनाइ छ । प्रधानमन्त्री केपी शर्मा ओलीले यस्ता गुनासो सम्बोधन गर्नेगरी कुनै ठोस् जवाफ दिएका छैनन् । गत १८ माघमा सुरू संसदको अधिवेशन सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले लामै सम्बोधन गरेका थिए । तर प्रधानमन्त्रीको सम्बोधनमा बाढी पहिरो पीडितहरूको पुनर्स्थापनाबारे ठोस् प्रगति उल्लेख थिएन ।

बरू प्रधानमन्त्री ओलीले राष्ट्रिय महत्वको परियोजनाहरू अगाडि बढिरहेको विवरण प्रस्तुत गरेका थिए । सिद्धबाबा सुरूङ मार्गको ब्रेकथ्रू भएको सहित राष्ट्रिय परियोजनाहरू धमाधम अगाडि बढेको प्रधानमन्त्रीले दाबी गरेका थिए । अघिल्ला सरकारका कारणले संकटमा परेको अर्थतन्त्र सुधारोन्मुख रहेको दाबीा प्रधानमन्त्री ओलीले गरे । विदेशी लगानी भित्र्याउन, नीजि क्षेत्रलाई प्रोत्साहित गर्न, सेवा प्रवाहलाई चुस्त बनाउन, भूमिहीन सुकुम्बासी दलितहरूलाई भूमि वितरण गर्न अध्यादेशहरू ल्याएको प्रधानमन्त्रीले आफ्नो प्रगती विवरणमा समेटेका थिए । एनआएनको समस्या सम्बोधन गर्नेदेखि भूमिहीनलाई जग्गा दिनसम्म अध्यादेश ल्याउनु परेको तर्क गरेका प्रधानमन्त्री ओलीले जाजरकोट भूकम्प पीडितले बिताइरहेको कष्टकर दिनहरूबारे क्षमा मागेनन् । ओलीले मात्र नभएर सरकारको कमजोरी स्वीकार्ने प्रवृत्ति कुनैपनि प्रधानमन्त्री छैन । तर जस लिने होड भने हरेक प्रधानमन्त्रीमा देखिन्छ ।

यदि कमजोरीप्रति गल्ती स्वीकार्ने प्रवृत्ति हुन्थ्यो भने जनताका समस्या सम्बोधनमा सरकारको तदारूकता बढ्न सक्थ्यो । किनकि हरेक प्रधानमन्त्रीमा जनताप्रीत जवाफदेही र उत्तरदायी हुनुपर्ने दबाव सिर्जना हुन्थ्यो । तर त्यस बिपरीत गल्ती जति अघिल्ला प्रधानमन्त्रीलाई दिइने प्रवृत्तिले अझसम्म २०७२ कै महाभूकम्पका पीडितहरूको समस्या पूर्ण हल हुन सकेको छैन । त्यस्ता संस्कारले डेढ वर्ष अगाडिको जाजरकोट भूकम्पबारे उचित ध्यान दिने कुरा भएन । तर लोकतन्त्रमा जनताको समस्या बेवास्ता गरेर हुने राजनीति दीर्घजिवी हुन सक्दैन । गैरजिम्मेवार नेतृत्वको विकल्प जनताले खोज्छन् । त्यसैले वर्तमान नेतृत्वले पनि बेलैमा सतर्कता अपनाउन आवश्यक छ । त्यस्तो सुधारको सुरूवात वर्षा याम अघि नै बाढी पहिरो पीडितहरूको समस्या सम्बोधन गर्नेगरी ठोस् कार्यक्रम मार्फत् गर्न जरूरी छ ।

# वैदेशिक रोजगारी र राजनीतिक परिदृश्य

*नेपालबाट हजारौं युवा प्रतिवर्ष बिदेसिने गर्छन् तर उनीहरूको सुरक्षा र अधिकारको हकमा सरकारले पर्याप्त पहल गर्न सकेको पाइँदैन...*

अग्रलेख



● विश्वास तिमिल्सिना

नेपालको वैदेशिक रोजगारीको इतिहास लामो छ । इतिहासकालदेखि नै नेपालीहरू वैदेशिक रोजगारीमा गएका पाइन्छ । नेपालको अर्थतन्त्रलाई भरथेग गर्न पनि सधैं वैदेशिक रोजगारी सहयोगी बन्दै आएको छ ।

तर, यति धेरै महत्त्वपूर्ण आधारको रूपमा रहेको वैदेशिक रोजगारीको क्षेत्रले भने निकै ठूलो चुनौती भोगिरहेको छ । विदेशमा काम गर्नका लागि लाखौं नेपाली युवा दैनिक संघर्ष गरिरहेका छन् तर सरकार निर्धारित गरेका नीति र कार्यक्रमहरू यथासम्भव कार्यान्वयनमा असफल भएका छन् । युवा शक्तिलाई बिदेसिन बाध्य बनाउने र देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न नसक्ने सरकारी नीतिहरूले नेपाली कामदारहरूलाई असमान परिस्थितिमा धकेलिरहेका छन् ।

राजनीतिक अस्थिरता, भ्रष्टाचार र नीतिगत कमजोरीले गर्दा वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि गरिएका पहलहरू सार्थक बन्न सकेका छैनन् । बारम्बारको सरकार परिवर्तनले पनि वैदेशिक रोजगारीका निम्ति बनाइएका नीति र कार्यक्रमहरू प्रायः प्रभावहीन हुने गरेका छन् । नेपालबाट श्रमिकहरूको ठूलो संख्या विदेश जाने तर सरकारबाट उनीहरूको संरक्षण र समन्वयनको सन्दर्भमा भने निकै कमजोर पहल हुने गरेको छ ।

नेपालको सन्दर्भमा युवाहरूका लागि वैदेशिक रोजगारी सबैभन्दा ठूलो र मुख्य आधार हो । देशमा व्यावसायिक वातावरण नहुनु र विदेशमा सहज रोजगारी पाउनु अर्को रूपमा भन्दा, निकै राम्रो विकल्प पनि हो ।

भारत, मध्यपूर्व, दक्षिण कोरिया, मलेसिया र हाल युरोपलगायतका विभिन्न देशमा नेपाली कामदारहरूको ठूलो संख्यामा उपस्थिति छ । यद्यपि, यी कामदारहरू प्रायः अत्यन्त खराब परिस्थितिमा काम गर्न बाध्य छन्, विशेषगरी खाडी र मलेसियामा ।

श्रमिकहरू कष्टपूर्ण श्रम र खराब जीवनयापनका कारण मानसिक र शारीरिक स्वास्थ्यको समस्यामा फसिरहेका छन् । कतिपय श्रमिकहरू कामका लागि आवश्यक कानुनी संरक्षणका अभावमा शोषणको सिकारसमेत भएका छन् । नेपालबाट हजारौं युवा प्रतिवर्ष विदेशिने गर्छन् तर उनीहरूको सुरक्षा र अधिकारको हकमा सरकारले पर्याप्त पहल गरेको पाइँदैन ।

मलेसिया, साउदी अरब, कतार, यूएईलगायत मुलुकहरूमा नेपाली कामदारहरूले शोषण, अनियमित वेतन, दुर्व्यवहार र मानवअधिकार उल्लंघनको सामना गर्न बाध्य छन् । कोभिड- १९ महामारीले यो समस्या अझ गहिराएको थियो, जब धेरै नेपाली कामदारहरू बेरोजगार भएर देश फर्कन बाध्य भएका थिए ।

नेपालको राजनीतिक परिदृश्यले पनि वैदेशिक रोजगारीका क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । सरकारी नीति निर्माताहरू राजनीतिक लाभ र दलगत हितमा केन्द्रित भएका कारण यो क्षेत्रलाई प्राथमिकतामा राख्न सकिरहेको पाइँदैन । वैदेशिक रोजगारीलाई लगानीको स्रोत मानेर मात्र हेरिरहँदा, यसको मानवीय पक्षलाई बेवास्ता गरिएको देखिन्छ ।

सरकारले वैदेशिक रोजगारीलाई नियन्त्रण गर्ने र कामदारहरूको हितमा नीतिहरू बनाउने बाचा गरेको भए तापनि यो क्षेत्रमा भ्रष्टाचार र अनियमितताको बाजी चलिरहेको छ ।

कामदारहरूलाई ठगी, अनावश्यक शुल्क तिराउने र अनियमित प्रक्रियामा झुकाउने प्रवृत्तिले वैदेशिक रोजगारीलाई जोखिमपूर्ण बनाएको छ । हालसम्म पनि वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने, कामदारहरूको सुरक्षा सुनिश्चित गर्ने र उनीहरूको अधिकारको रक्षा गर्ने दिशामा सरकारले गम्भीरता देखाएको छैन ।

वैदेशिक रोजगार ऐन, नीति र नियमहरू कागजमा सीमित भएका छन्, व्यवहारमा तिनको कार्यान्वयन नगण्य मात्रामा भएको छ । नेपालको



सरकारी नीति निर्माणका स्तरमा प्रायः स्थिरता र निरन्तरताको अभाव छ । सरकार र निजी क्षेत्रका बीचमा अनुकूल सहकार्यको कमीले वैदेशिक रोजगारीको क्षेत्रलाई प्रभावित बनाएको छ । श्रमिकहरूका लागि आवश्यक र प्रभावकारी सुरक्षा सुनिश्चित गर्नका लागि कुनै स्पष्ट र ठोस योजना लागू गर्न सकिएको छैन ।

अधिकांश नीति र कार्यक्रमहरू सन्देशको तहमा सीमित रहेका छन् र व्यावहारिक रूपमा लागू गरिएका छैनन् । सरकारले वैदेशिक रोजगारीका नीति बनाउँदा त्यसको कार्यान्वयन र अनुगमनमा गम्भीर लापरबाही देखिएको छ । उदाहरणका लागि, श्रमिकहरूको सुरक्षा र मानवअधिकारको संरक्षणका लागि बनाइएका कानुनी व्यवस्था र सम्झौताहरू थोरै र कमजोर छन् ।

नेपाल सरकारको वैदेशिक रोजगार विभाग, श्रम मन्त्रालय, वैदेशिक रोजगार व्यवसायी, श्रम क्षेत्रमा कार्य गरिरहेका सरकारी तथा गैरसरकारी संस्था र मानवअधिकार आयोगका बीचमा समन्वयको अभाव देखिएको छ । नेपालको राजनीति र आर्थिक परिस्थितिका कारण वैदेशिक रोजगारीका क्षेत्रमा सुधार गर्न र श्रमिकहरूको हकको संरक्षण गर्न अझै समय लाग्ने छ ।

एकातिर राज्यको नीतिमा परिपक्वता र न्यायपूर्ण कार्यान्वयनको अभाव छ भने अर्कातिर बाह्य विविध कारणहरूले गर्दा नेपाली श्रमिकहरूका लागि विदेशमा काम गर्ने विकल्प सीमित भएका छन् ।

वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने भने पनि नीतिहरू धरातलमा उतार्न सरकार असफल रहेको छ । कामदारहरूको प्रशिक्षण, विदेशी रोजगार एजेन्टहरूको नियमन, रोजगारदाताहरू र वैदेशिक रोजगार व्यवसायीहरूबीचको अनुचित अन्तरसम्बन्ध, रोजगारदाता मुलुकहरूसँग सम्झौता गर्नेजस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा सरकारले गम्भीरता देखाएको छैन । यसले गर्दा नेपाली कामदारहरू असुरक्षित अवस्थामा बिदेसिन बाध्य छन् ।

कामदारहरूको सुरक्षा, स्वास्थ्य र अधिकारको हकमा सरकारले ठोस कदम चाल्न आवश्यक छ । वैदेशिक रोजगारीलाई व्यवस्थित

*राजनीतिक अस्थिरता, भ्रष्टाचार र नीतिगत कमजोरीले गर्दा वैदेशिक रोजगार क्षेत्रमा सुधारका लागि गरिएका पहलहरु सार्थक बन्न सकेका छैनन् । बारम्बारको सरकार परिवर्तनले पनि वैदेशिक रोजगारीका निम्ति बनाइएका नीति र कार्यक्रमहरु प्रायः प्रभावहीन हुने गरेका छन्...*

गर्ने, कामदारहरूको हितमा नीतिहरू बनाउने र तिनलाई कार्यान्वयन गर्ने दिशामा सरकारले ठोस पहल गर्नु जरुरी छ ।

नेपालको वैदेशिक रोजगारीका परिप्रेक्ष्यमा सरकारको कार्यान्वयनका प्रयासहरू असफल भएका छन् । नेपाल सरकारले वैदेशिक रोजगारीका नीतिहरूमा स्थिरता ल्याउने र श्रमिकहरूको सुरक्षाका लागि ठोस योजना र कदम चाल्न जरुरी छ । यही विधिले नेपाली श्रमिकहरूको भविष्यमा केही सकारात्मक परिवर्तन ल्याउन सक्छ र अर्थतन्त्रमा थप योगदान पुऱ्याउन सक्छ ।

नेपालको वैदेशिक रोजगारीको क्षेत्रले हाल गम्भीर चुनौतीको सामना गरिरहेको छ । सरकारी नीति निर्माताहरूले यस क्षेत्रलाई प्राथमिकतामा राखेर कामदारहरूको सुरक्षा र अधिकारको हकमा ठोस कदम चाल्नु जरुरी छ । राजनीतिक अस्थिरता र भ्रष्टाचारले यो क्षेत्रलाई प्रभावित गर्नु हुँदैन ।

नेपाली कामदारहरूको सुरक्षा र सम्मान सुनिश्चित गर्न सरकारले अहिले नै ठोस पहलको सुरुवात गरेमा देखिएका अनगिन्ती समस्या र कमीकमजोरीको समाधान गर्ने बाटोमा लागेको अनुभव गर्न सकिने वातावरण बन्छ ।

***(तिमिल्सिना एस.एन. रिक्रुटिङ सर्भिस प्रा.लि.का संचालक हुन् ।)***

## इतिहासमा आज

२८ फेब्रुअरी १९५३ मा वैज्ञानिक जेम्स वाटसन र फ्रान्सिस क्रिकले डीएनएको संरचनाको खोजको घोषणा गरेका थिए ।



२८ फेब्रुअरी १९८६ मा स्विडेनका प्रधानमन्त्री ओलोफ पाल्मेको स्टकहोममा हत्या गरिएको थियो ।



२८ फेब्रुअरी १९९१ मा संयुक्त राष्ट्रसंघले युद्धविराम घोषणा गरेपछि खाडी युद्ध समाप्त भएको थियो ।



२८ फेब्रुअरी २०१३ मा बेनेडिक्ट सोह्रौंले पोपको पदबाट राजीनामा दिएका थिए । उनी सन् १४१५ मा ग्रेगरी बाह्रौं पछि राजीनामा दिने पहिलो पोप बनेका थिए ।



# नेपालमा विद्युतीय सवारी साधन किन ?

विचार



● शिव विक 'मिलन'

*नेपालमा इभी सवारी साधनको प्रयोगले आर्थिक, वातावरणीय र दीर्घकालीन रूपमा फाइदा पुऱ्याउँछ । पेट्रोलियममा निर्भरता घटाउनु, वायु प्रदूषण नियन्त्रण गर्नु र लागत बचत गर्नु यसका मुख्य फाइदाहरु हुन् । सरकारले उचित नीतिहरु लागू गर्दै जाने हो भने निकट भविष्यमा नेपालमा इभीको प्रयोग अझ व्यापक हुने छ...*

नेपालमा विद्युतीय सवारी (इभी)को उपयोग दिनानुदिन बढ्दै गएको छ । पेट्रोलियम इन्धनमा निर्भरता घटाउनु, वायु प्रदूषण नियन्त्रण गर्नु तथा दीर्घकालीन रूपमा आर्थिक लाभ प्राप्त गर्नु यसका मुख्य कारणहरू हुन् । नेपाल जलविद्युत्मा समृद्ध देश भएकाले यहाँ विद्युतीय सवारी साधनको उपयोग थप प्रभावकारी र दिगो बन्न सक्छ ।

सर्वप्रथम, नेपालमा इन्धन आयातमा निर्भरता अत्यधिक उच्च छ । प्रत्येक वर्ष नेपालले अर्बौं रुपैयाँको पेट्रोलियम पदार्थ आयात गर्छ, जसले देशको व्यापारघाटा बढाउँछ । इभीले यो निर्भरता घटाउन सहयोग गर्छ । जलविद्युत् उत्पादनको अपार सम्भावना भएकाले इभी चार्ज गर्न चाहिने ऊर्जा नेपालमै उत्पादन गर्न सकिन्छ, जसले विदेशी मुद्रा जोगाउन महत्त्वपूर्ण भूमिका खेल्छ ।

इभीको अर्को प्रमुख फाइदा वातावरणीय सन्दर्भमा देख्न सकिन्छ । काठमाडौं उपत्यकाको वायु प्रदूषण गम्भीर अवस्थामा पुगेको छ । पेट्रोल र डिजेल चालित गाडीहरूले कार्बन मोनोअक्साइड, नाइट्रोजन अक्साइड र अन्य हानिकारक प्रदूषक उत्पादन गर्छन्, जसले स्वास्थ्यमा नकारात्मक असर पार्छन् । इभीले यी उत्सर्जनलाई शून्यमा झार्न सहयोग गर्छ, जसले गर्दा हावा सफा रहन्छ र दीर्घकालीन रूपमा जनस्वास्थ्य सुधार गर्न मदत पुग्छ ।

नेपालको भूगोल र यातायात पूर्वाधारलाई हेर्दा इभीको प्रयोग चुनौतीपूर्ण देखिन सक्छ । तर, पछिल्ला वर्षहरूमा नेपालको सडक पूर्वाधार सुधार हुँदै गएको छ । साथै, सरकार र निजी क्षेत्र मिलेर चार्जिङ स्टेसनहरूको संजाल विस्तार गर्दै छन्, जसले दीर्घकालीन रूपमा इभीको प्रयोगलाई सहज बनाउने छ ।

नेपाल सरकारले पनि इभी प्रवर्द्धनका लागि विभिन्न नीति तथा कार्यक्रम ल्याएको छ । इन्धन चालित सवारी साधनको तुलनामा इभीमा भन्सार महसुल र कर कम लगाइएको छ । साथै, इभी चार्जिङ स्टेसन विस्तार गर्न सरकारी तथा निजी क्षेत्रको संयुक्त प्रयास देखिन्छ । यी नीतिगत पहलहरूले भविष्यमा इभी अपनाउने प्रवृत्ति अझै बढ्ने सम्भावना छ ।

अर्थतन्त्रको दृष्टिकोणले पनि इभी दीर्घकालीन रूपमा फाइदाजनक छ । पेट्रोल वा डिजेलको तुलनामा इभी चलाउने खर्च निकै कम हुन्छ । विद्युत्बाट चार्ज हुने सवारी साधनको संचालन लागत घट्छ, जसले लामो समयसम्म बचत गर्न सहयोग गर्छ । साथै, इभीको मर्मत सम्भार खर्च कम हुन्छ किनभने यसको इन्जिनमा चलायमान भागहरू कम हुन्छन् ।

नेपालमा इभीको प्रयोगलाई बढावा दिन विभिन्न उपायहरू अपनाउनु आवश्यक छ । पहिलो, चार्जिङ पूर्वाधारलाई व्यापक बनाउनुपर्ने हुन्छ । दोस्रो, सार्वजनिक यातायात प्रणालीमा इभीको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ । सरकारले विद्युतीय बस र ट्याक्सीहरूलाई अनुदान दिने नीति ल्याएमा यसको प्रभावकारिता अझ बढ्ने छ ।

व्यक्तिगत सवारीका हिसाबले पनि इभी राम्रो विकल्प बन्दै गएको छ । हालका वर्षहरूमा नेपाली बजारमा विभिन्न ब्रान्डका इभी उपलब्ध छन् । टाटा, हुन्डाई, बीवाईडी जस्ता कम्पनीहरूले नेपाली बजारमा प्रभाव पारिरहेका छन् । यी गाडीहरू लामो दुरीसम्म यात्रा गर्न सक्षम छन्, जसले गर्दा मानिसहरू आत्मविश्वासका साथ इभी रोज्न थालेका छन् ।

नेपालमा इभी सवारी साधनको प्रयोगले आर्थिक, वातावरणीय हिसाबले दीर्घकालीन रूपमा फाइदा पुऱ्याउँछ । पेट्रोलियममा निर्भरता घटाउनु, वायु प्रदूषण नियन्त्रण गर्नु र लागत बचत गर्नु यसका मुख्य फाइदाहरू हुन् ।

सरकारले उचित नीतिहरू लागू गर्दै जाने हो भने, निकट भविष्यमा नेपालमा इभीको प्रयोग अझ व्यापक हुने छ । जलविद्युत्को अधिकतम उपयोग गर्दै स्वच्छ ऊर्जा स्रोतबाट चल्ने सवारीलाई प्राथमिकता दिन सकियो भने नेपाल दिगो यातायात प्रणालीको उदाहरण बन्न सक्छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

५० लाख डलरमा अमेरिकी नागरिकता बेच्ने ट्रम्पको घोषणाले संसारभरि धेरै राष्ट्रवादीहरूको निद हराम गरिदिएको होला- पैसा पाए नागरिकता पनि बेच्न मिल्ने रहेछ । व्यापारीको आँखामा सबै चिज पैसा, नागरिकता पनि पैसा । युद्ध, राजनीति र विदेश सम्बन्ध पनि पैसा । समुद्र, नहर र अन्तरिक्ष पनि पैसा । गज्जब !

धर्म गुरु त सधैं एउटै कुरामा अडिग हुँदैनन् । नेता हुन् यार ! सधैं एउटै बोली व्यवहार कहाँ हुन्छ ? कुनै समय कांग्रेसी पञ्चे भए, पञ्चे कांग्रेसी भए । माओवादी एमाले भए, एमाले फोरम भए । नास्तिक आस्तिक हुन्छन्, आस्तिक नास्तिक हुन्छन् । बस् यति हो कि उनीहरूको व्यवहारले, कृत्यले देश र जनतालाई घात हुनु भएन ।



**सरोज पोखरेल**



**समिरा बाँस्तोला**

मैले नबुझेको एउटा कुरा, यी साधुसन्त भनेका लोभ, मोह, धन सम्पत्ति, पारिवारिक मोह सबै त्यागेर साधु बनेका होइनन् र ? फेरि यिनीहरूलाई किन पैसा चाहियो र जबरजस्ती मन्दिर गएका भक्तहरूसँग पैसा माग्छन् ? फेरि आफूले चाहेको जति दिँदा नहुने जबरजस्ती यति चाहियो, उति चाहियो भन्ने ।

इभीलाई प्रोत्साहन गर्ने सरकारको लक्ष्यविपरीत नेपाल राष्ट्र बैंकले इन्डियाको दबाबमा इभी खरिद गर्न बैंकिङ सुविधा असहज बनाएको छ । चीनमा निर्मित इभीको आयात रोक्न ऋण मूल्य अनुपात ८० प्रतिशतबाट घटाएर ६० प्रतिशतमा झारी पेट्रोल तथा डिजेलबाट चल्ने अन्य सवारी साधनलाई थप सहज बनाउनुको अर्थ के हो ?



**फणीन्द्र नेपाल**

# पर्यटक कुर्दै बल्कोट पौवा

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १५ फागुन

जंगबहादुर राणाको न्वारन भएको स्थान भनेर चिनिने अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा रहेको बल्कोट पौवा प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ । ऐतिहासिक पौवाको अहिलेसम्म प्रचारप्रसार हुन नसक्दा ओझेलमा परेको स्थानीयले बताएका छन् ।

राणा प्रधानमन्त्री जंगबहादुर राणाको पालामा तत्कालीन कर्णेल सनदसिंह टण्डनको नेतृत्वमा अत्यन्तै आकर्षक शैलीमा बनाइएको पौवाभित्र शिवालय मठ, तथा अन्य मन्दिरहरू समेत निर्माण गरिएका छन् । वि.सं.१९०४ सालमा निर्माण गर्न सुरु गरी १० वर्ष लगाएर पौवा तथा मन्दिरहरू निर्माण गरिएको स्थानीय बुढापाकाहरु बताउँछन् ।

जंगबहादुरको बुबा बालनरसिंह राणा आर्मीका अफिसर थिए । उनी बारुदखान दल प्यूठानको प्रमुख थिए । १८६० को दशकमा जुम्लाको सिंजा प्रान्तमा गुठीको जग्गाले विवाद बढाएपछि गुठीको विवाद समाधान गर्न बालनरसिंहलाई १८६९ मा जुम्ला खटाइएको थियो । जुम्लामा उनी श्रीमतीलाई लिएर गएको बताइन्छ । जुम्लामै रहँदा उनको श्रीमती गर्भवती भएको र त्यो समयमा गर्भवती हुँदा माइती जाने प्रचलन रहेकाले नेपाली संस्कार अनुसार जुम्लाबाट माइती गोर्खा जाने क्रममा अर्घाखाँचीको वाङ्गलामा रहेको लामपाटी अर्थात् मथुरामा १८७४ सालमा



जंगबहादुरको जन्म भएको थियो ।

त्यसबेला लामपाटीमा घनघोर जंगल रहेकाले नजिकैका पाण्डे थरका कृषकहरूले उनको स्याहार सुसार गरेको र पछि बल्कोटको पौवा रहेको स्थानमा लगि सुत्केरी र बच्चालाई राखिएको थियो । त्यहाँ स्थानीय खनाल थरका ब्राह्मणहरूले न्वारन गराएर त्यो बालकको नाम वीरनरसिंह राखेको संस्कृतिमा रुची राख्ने स्थानीय नारायण भट्टराइले बताए । सुत्केरी दरिली भएपछि जंगबहादुरकी आमा माइती गोर्खा गएकी थिइन् । पछि वीरनरसिंह जंगे स्वभावको भएको हुनाले उनको नाम जंगबहादुर रहेको पाका पुस्ताको भनाइ छ ।


जंगबहादुरको जन्म कतिले गोर्खामा र कतिले काठमाडौंको थापाथलीमा भएको भन्ने गरेका छन् । उनी लाम्पाटी दरबार अर्घाखाँचीमा जन्मिएका थिए । त्यसैले उनको जन्मको बारेमा एउटै ठाउँ कसैले भन्न नसकेको इतिहासकारहरूको भनाइ रहेको छ । इतिहासकार प्राध्यापक दिनेशराज पन्त र युवराज शमशेर जबराका अनुसार जंगबहादुर लाम्पाटीमा जन्मिएको र वल्कोटको पौवामा आएर न्वारन भएको, पछि त्यसै स्थानमा कर्णेल सनदसिंह टण्डनको नेतृत्वमा विचित्रको पौवा निर्माण भएको उल्लेख गरेका गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ बताउँछन् ।

पौवाको विषयमा तत्कालीन राजा सुरेन्द्र शाहको पालामा चार वटा लाल मोहर लागेका थिए । ती लाल मोहर तथा इतिहासकारहरू प्रोफेसर पन्त र जबराको विश्लेषणलाई आधार बनाएर अर्घाखाँची सम्पर्क सदनको चिनारी २०७२ मा समावेश गरिएको उनले बताए । आफू जन्मिएको लाम्पाटीमा पौवा तथा बगैंचा र न्वारन भएको ठाउँ बल्कोटमा विचित्रको पौवा निर्माणका लागि जंगबहादुर आफैले कर्णेल सनदसिंहलाई निर्माण गर्न लगाएका थिए ।

पौवा तथा मन्दिर निर्माण गरिसकेपछि सञ्चालनको लागि सयौं बिगाहा जमिन गुठीमा समेत रहेको छ । केही समय अघिसम्म पौवामा रहेको मन्दिरको संरक्षण गर्ने, फूलपाती टिप्ने, कोइला लैजाने, लिपपोत गर्ने, दैनिक बिहान बेलुका बाजा बजाउनेको समेत व्यवस्था थियो । अहिले पूजाआजा भइरहे पनि दैनिक बाजा बजाउने कार्य भने हटेको जानकारी आफुले पाएको पौवाको अबलोकन गर्न पुगेका लुम्बिनी प्रदेश सरकारका जलश्रोत सिँचाइ मन्त्रालयका सचिव बिष्णु भण्डारीले बताए ।

पौवामा काठका आकृतिमा यौन अंग र विभिन्न यौन आसन देखाइएको देख्दा निकै आकर्षक लागेको अवलोकनमा पुगेका सिँचाइ डिभिजन प्रमुख भेषराज भुसालले प्रतिक्रिया दिए । पौवा निर्माण गरेका कालीगढको हात राणाकै पालामा काटिएको पनि स्थानीय बताउँछन् । पौवा निकै आकर्षक भएकाले ती कालीगढले त्यस्तै कलात्मक पौवा अन्य स्थानमा बनाउन नसकुन् भन्ने हेतुले कालीगढको हात काटिएको भनाइ रहेको भएतापनि कसले, कहिले, कसको हात काटेको भन्ने इतिहासकारले उल्लेख गरेका छैनन् ।

## प्रमुख प्रशासकीय अधिकृत पठाउन प्रमुख आलमको माग



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १५ फागुन

रौतहटको पश्चिम भेगमा पर्ने राजपुर नगरपालिकाका नगरप्रमुख डाक्टर राजिक आलमले पालिकामा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत पठाइ दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गरेका छन् ।

सामान्य प्रशासन मन्त्रालयले फागुन ५ गते निमित्त प्रमुख प्रशासकीय अधिकृत खुर्सैद आलमको जिम्मेवारी रद्द गरेकै दिन दरबन्दी अनुसार उपसचिवलाई प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्नेमा सो नगरेकोप्रति नगरप्रमुख आलम दुःख व्यक्त गरेका छन् ।

आफ्नो छिमेकी पालिका परोहा नगरपालिकामा कहिल्यै निमित्त प्रमुख प्रशासकीय अधिकृत नखटाइने तर आफ्नो पालिकामा सधैं निमित्त प्रमुख प्रशासकीय अधिकृत खटाइएको नगरप्रमुख आलमले बताए ।

स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे अनुसार उपसचिव खटाइ पालिकाको काम कारबाही नियमित रुपमा संचालन गराउने अभिभारा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रहेकोले सो जिम्मेवारी बोध गर्न सम्बन्धित मन्त्रालयको प्रमुख आलमले ध्यानाकर्षण गराएका हुन् ।

काठमाडौ महानगरमा खटाइने प्रमुख प्रशासकीय अधिकृतको लागि पालिकाको सहमति नचाहिने तर राजपुर नगरपालिकामा खटाइने प्रमुख प्रशासकीय अधिकृतको लागि पालिकाको सहमति माग्नु भनेको मन्त्रालयको नियत स्पष्ट नभएको पनि उनले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०४/२७ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. २२१२०३ को शरद ट्रेडर्स प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/०६ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

काठ लिलाम सम्बन्धी सूचना
सूचना प्रकाशित मिति २०८१/११/१६

श्री पारीजात सामुदायिक वन उपभोक्ता समूह लालबन्दी नगरपालिका १५, सर्लाहीको काठ लिलाम डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीको च.नं. १३३१ मिति २०७९/११/३० गतेको संकलन सहमति बमोजिम यस श्री पारीजात सामुदायिक वन उपभोक्ता समूह लालबन्दी नगरपालिका १५, सर्लाहीमा संकलन भई घाटगद्दीमा रहेको १५०९.४६ क्यु. फि. साल, ४५.९८ आसना र २०×५×५ दाउरा ३.५० चट्टा समेत यथास्थितिमा रहि रहदा चोरी निकासी हुन सक्ने, वन डढेलोबाट नष्ट हुन सक्ने, काठको गुणस्तर दिनानुदिन ह्रास हुन सक्ने भएकोले जे जस्तो अवस्थामा छ,सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यस पारीजात सामुदायिक वन उपभोक्ता समूह लालबन्दी नगरपालिका १५, सर्लाहीको मिति २०८१/०९/२० गतेको निर्णय र सब डिभिजन वन कार्यालय, घारी, सर्लाहीको च.नं. १०० मिति २०८१/११/०४ गतेको सिफारिस तथा डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीको मिति २०८१/११/१३ गतेको निर्णयानुसार काठ दाउरा वन नियमावली, २०७९ को नियम ४९ (२) बमोजिम बाहिर बिक्री वितरण गर्नका लागि यो २१ दिने सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि श्री पारीजात सामुदायिक वन उपभोक्ता समूह लालबन्दी नगरपालिका १५, सर्लाहीको कार्यालयमा सम्पर्क गर्नुहोला ।

श्री पारीजात सामुदायिक वन उपभोक्ता समूह
लालबन्दी नगरपालिका १५, सर्लाही

UAE मा रोजगार — Al Waha Hygiene Pest Control and Facilities Services LLC
पूर्व स्वीकृती मितिः २०८१/११/१५ | चलानी नं. ६०२३३६२४ | LT No.: 319481

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| १. | Cleaner Female | 0 | 3 | 1000 | ३८,०००/- |
| २. | Cleaner Male | 4 | 0 | 1000 | ३८,०००/- |
| ३. | Office Cleaner | 5 | 0 | 1000 | ३८,०००/- |

खाना सुविधा: छ

अन्तरवार्ता २०८१ फागुन २३ गते (7 March, 2025) गते यस प्रा. लि. को कार्यालय सामाखुशी काठमाडौंमा हुनेछ ।

Premium Human Resource Pvt. Ltd.
Govt. Lic. No. 1631/080/081
Samakhusi-3, Kathmandu, Tel : 01-5917815, 5917814, 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096
Email: hr@premiumhr.com.np Web: www.premiumhr.com.np

महिलाहरुलाई Bahrain मा रोजगार — Treat Spa
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८०/१०/२६ | चलानी नं. ६०२१४६७७ | LT No.: 299742

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Beautician | 0 | 4 | काममा दक्ष | 150 | ५२,८५०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ बर्ष |

अन्तरवार्ता २०८१ फागुन २३ गते (7 March, 2025) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौंमा हुनेछ ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

SAUDI मा रोजगार — Support Lines Contracting Co.
पूर्व स्वीकृती मितिः २०८१/११/१५ | चलानी नं. : ६०२३३६३० | LT No.: 319389

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Driver | 7 | 0 | काममा दक्ष | 1500 | ५५,८००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ बर्ष |
| २. | Kitchen Worker | 14 | 0 | | 1000 | ३७,२००/- | | | | | | |
| ३. | Waiter (Service) | 25 | 0 | | 1200 | ४४,६००/- | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ फागुन २३ गते (7 March, 2025) यस प्रा. लि. को कार्यालय ताल्चिखेल, ललितपुरमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

साउदीमा रोजगार
कम्पनी: NESMA FOR TRANSPORTING MONEY, PRECIOUS METALS AND VALUABLE DUCUMENTS शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/११/०९ | चलानी नं.: ६०२३३३४७ | L.T. No.: 318867

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 March 2025) मा हुनेछ ।

Miracle Employment Service (P.) Ltd
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

युएईमा रोजगार
कम्पनी: MCC ON DEMAND LABORS SUPPLY L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०९/११ | चलानी नं.: ६०२१२१६८ | L.T. No.:297162 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Painter | 28 | 0 | | 1200 | ४५,४९२ | | | | | | |
| 3. | Painter Assistanat | 15 | 0 | | 1200 | ४५,४९२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन २३ गते (7 March 2025) मा हुनेछ ।

S. P. M. OVERSEAS PVT. LTD.
Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

# मालपोत र नापीको उपशाखा कार्यालय उद्घाटन

लालबाबु बानिया/मध्यान्ह
पर्सा, १५ फागुन

पर्साको पोखरिया नगरपालिकामा मालपोत र नापी शाखाको उपशाखा कार्यालय उद्घाटन गरिएको छ ।

पोखरिया नगरपालिकाको वडा नं ९ सेमबारी चोकमा रहेको सामुदायिक धर्मशालाको भवनमा मालपोत तथा नापी शाखा कार्यालयको उद्घाटन गरिएको हो । कार्यक्रममा भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री बलिराम अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो ।

उद्घाटन गर्दै प्रमुख अतिथि अधिकारीले पोखरियामा मालपोत र नापी शाखा कार्यालय स्थापनाका लागि स्थानीय तहदेखि प्रदेश र संघीयसम्मका जनप्रतिनिधि र नेता कार्यकर्ताहरुको पहल रहेको बताए । पोखरिया नगरपालिकामा मालपोत र नापी शाखा संचालनमा आएपछि सेवाग्राहीहरु खुसी भएका छन् । आउने दिनमा छिट्टैनै ईलाका प्रशासन कार्यालयको पनि स्थापना गराउन पूर्ण सहयोग रहने उनले बताए ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८१/११/१६

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित पक्ष सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिस गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १) **हनी ट्रेडर्स**<br>**प्रा.फ.नं.**: १०५/८०९७/०७२<br>ठेगाना : रामग्राम न.पा. वडा नं.०३, नवलपरासी<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी<br>स्थायी लेखा नं.: ६०७०१०६६८<br>**प्रोप्राइटर/धनजमानीकर्ता : आशा कुमारी खनाल**<br>**ना.प्र.नं.**: १६९८३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.प)<br>पति : बुद्धि सागर पाण्डेय<br>ससुरा : बाबुराम पाण्डेय<br>ठेगाना : नवलपरासी (ब.सु.प)जिल्ला, रामग्राम न.पा. वडा नं. १५, हाल रामग्राम न.पा. वडा नं.०३<br>**शाखा कार्यालय : परासी**<br>**कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा तथा प्रोप्राइटर आशा कुमारी खनालको नाममा ओडि कार्ड कर्जा** | **हेमन्त पाण्डे**<br>**ना.प्र.नं.**: ३६-०१-७०-०६१६९<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : बुद्धि सागर पाण्डेय<br>बाजे : बाबुराम पाण्डेय<br>ठेगाना : नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स.वडा नं.-०३, हाल रामग्राम न.पा. वडा नं.०३<br><br>**संगिता पाण्डे उपाध्याय**<br>**ना.प्र.नं.**: ३६-०१-७०-०७९७७<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : हेमन्त पाण्डे<br>ससुरा : बुद्धि सागर पाण्डेय<br>ठेगानाः नवलपरासी जिल्ला, सुक्रौली गा.वि.स.वडा नं.-०३, हाल रामग्राम न.पा. वडा नं.०३ | १) आशा कुमारी खनालको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)<br>ठेगाना: मंझरिया-०५; नक्सा सिट नं.: ५ख; कित्ता नं.: ६५८; क्षेत्रफल (बि/व.मि): ०-०-१०-० (१६९.२९)<br>घर लगायत सम्पूर्ण लिगलगापात समेत । |
| २) **रेन्श्री हाम्रो कृषी उद्योग प्रा.लि**<br>**दर्ता.नं.**: २१७८४९/७५/०७६<br>ठेगाना : देवचुली न.पा वडा नं १७, नवलपरासी<br>जारी गर्ने कार्यालयः कम्पनी रजिष्ट्राको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>स्थायी लेखा नं.: ६०९५६२२१३<br>**अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : दिपेन्द्र ढकाल**<br>**ना.प्र.नं.**: ३६-२-००८-१५३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी, (ब.सु.पू)<br>बाबु : केदारनाथ ढकाल<br>बाजे : विष्णु प्रसाद<br>ठेगानाः नवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा वडा नं १७<br>**शाखा कार्यालय : प्रगतिनगर**<br>**कर्जा शीर्षक : सहुलियत ब्याजदर कर्जा (अधिविकर्ष र आवधिक)**<br>**धनजमानीकर्ताको विवरण**<br>**टिका कुमारी ढकाल**<br>**ना.प्र.नं.**: ८६५०९<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : केदार नाथ ढकाल<br>ससुरा : विष्णु प्रसाद<br>ठेगाना : नवलपरासी जिल्ला रजहर गा.वि.स वडा नं ०३, हाल देवचुली न.पा वडा नं १७ | **संगीता वराल**<br>**ना.प्र.नं.**: ३५३०२७/१७<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, चितवन<br>पति : कृष्णलाल सापकोटा<br>ससुरा : नन्द प्रसाद सापकोटा<br>ठेगाना : चितवन जिल्ला शिवनगर -०१, हाल नवलपरासी, जिल्ला देवचुली न.पा वडा नं १७<br><br>**कृष्णलाल सापकोटा**<br>**ना.प्र.नं.**: २१२१०<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : नन्द प्रसाद सापकोटा<br>बाजे : रविलाल सापकोटा<br>ठेगानाः नवलपरासी जिल्ला रजहर गा.वि.स वडा नं ०८, हाल नवलपरासी जिल्ला, देवचुली न.पा वडा नं १७<br><br>**कमला सापकोटा ढकाल**<br>**ना.प्र.नं.**: ३६२००८/३०९६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : दिपेन्द्र ढकाल<br>ससुरा : केदारनाथ ढकाल<br>ठेगाना : नवलपरासी जिल्ला रजहर गा.वि.स वडा नं ०३, हाल देवचुली न.पा वडा नं १७ | १) कमला सापकोटा ढकालको नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू) मा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)<br>ठेगाना: देवचुली-१, नवलपरासी; नक्सा सिट नं.: १क; कित्ता नं.: २२५; क्षेत्रफल (बि.रो/ब.मी): ०-१०-०-० (३३८६.४०)<br>साथै, सम्पूर्ण लिगलगापात समेत । |

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज/नामसारी गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न (सवारी साधन बाहेक) वा पूनः सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

